अदालतमा सांकेतिक भाषाको प्रयोगको सम्भावना अध्ययन प्रतिवेदन

अध्ययन समूह

सर्वोच्च अदातल

१. पृष्ठभूमी

स्वतन्त्र, सक्षम, छिटो छरितो न्यायपालिकाको अस्तित्व यसले प्रदान गर्ने सेवाको परिवेशले निर्धारण गर्दछ । न्यायपालिकाले प्रदान गर्ने सेवामा सर्वसाधारणको सहज पहुँच सुनिश्चित गर्न न्यायपालिकाको पञ्चवर्षीय रणनितिक योजनाहरू मार्फत विभिन्न प्रयासहरू भएको पाइन्छ । जब सम्म न्यायमा सर्वसाधारणको पहुँच सहज र सरल हुदैन तब सम्म यस प्रतिको जनभावनाले सकारात्मक रूप लिन सक्दैन भन्ने मान्यता समेत रही आएको छ । यस सन्दर्भमा सांकेतिक भाषाको प्रयोग नेपालका अदालतहरूका लागि कति आवश्यक छ भन्ने विषयमा अध्ययन र विश्लेषण हुनु जरूरी र सान्दर्भिक देखिएको छ । न्यायपालिकाको नीतिकोरूपमा रहेको न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१-०७६) मा न्यायप्रणालीलाई पहुचयोग्य बनाउने लक्ष्य अन्तर्गत सांकेतिक भाषा प्रयोग गर्ने र नेपाली भाषा नबुझ्नेहरूका लागि दोभाषेको ब्यवस्था गर्ने भन्ने उल्लेख गरिएको छ ।

हुनत देवनागरी लिपीमा लेखिने नेपाली भाषालाई नेपालको संविधानको धारा ७ ले नै सरकारी कामकाजको भाषाको रूपमा पहिलो प्राथमिकतामा राखेकोले[1] यसको प्रयोग त आधारभूत रूपमा भएकै छ । सो वाहेक संघियतामा गैसकेको हालको अवस्थामा स्थानीय वहुसंख्यकले वोल्ने भाषालाई समेत सरकारी कामकाजको भाषाको रूपमा निर्धारण गर्न राज्य सरकारलाई अधिकार समेत दिएकै छ[2] । तर यो भित्र अल्पसंख्यकको रूपमा रहेका सांकेतिक भाषा प्रयोगकर्ताको भाषाले स्थान पाउन सक्ने अवस्था छैन । जन्मदै वा पछि बोल्न सुन्न नसक्ने व्यक्तिहरू जो सांकेतिक भाषाको प्रयोग गर्न बाध्य छन् त्यस्ता व्यक्तिहरूको पनि अदालतमा सहज र सरल पहुँच बनाउनका लागि त्यस्ता फरक क्षमता भएका व्यक्तिहरूले प्रयोग गर्ने नेपाली सांकेतिक भाषाको प्रयोग आदालतबाट गर्नु पर्ने आवश्यक्ता र औचित्यका सम्बन्धमा अध्ययन गर्ने सन्दर्भमा यो भाषाका प्रयोगकर्ताको तथ्यांक हेर्नु आवश्यक छ ।

राष्ट्रिय जनगणना २०५८ सालको भाषागत जनसंख्याको तथ्यांक हेर्दा नेपाली सांकेतिक भाषाको प्रयोगकर्ताको कूल संख्या ५७४३ रहेको देखिन्छ । यो संख्या ग्रामिण क्षेत्रमा बढी र शहरी क्षेत्रमा कम अर्थात् ग्रामिण क्षेत्रमा ५३१२ र शहरी क्षेत्रमा ४३१ देखिएको छ ।

---

[1] नेपालको संविधान, धारा ७(१)

[2] नेपालको संविधान, धारा ७(२)

नेपाली सांकेतिक भाषाको प्रयोग गर्ने जनसंख्या १० वर्षमा कम भई २०६८ सालको जनगणनामा ४७७६ भएको देखिएको छ । यो जनसंख्या ग्रामिण क्षेत्रमा ३७५९ र शहरी क्षेत्रमा ७१७ रहेको देखिएको छ । त्यसमध्ये पनि हिमाली क्षेत्रमा ५३७, पहाडी क्षेत्रमा २२९६ र तराई क्षेत्रमा १६४३ रहेको छ । देशभरि छरिएर रहेका यस्ता जनसंख्यालाई अझै विस्तारमा विकास क्षेत्रको आधारमा हेर्ने हो भने पूर्वाञ्चल विकास क्षेत्रमा १०५४ जना, मध्यमाञ्चल विकास क्षेत्रमा १०८८ जना, पश्चिमाञ्चल विकास क्षेत्रमा १२२० जना, मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा ५७२ जना र सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा ५४२ जना रहेको देखिन्छ ।[3]

यसरी नेपाली सांकेतिक भाषाको प्रयोग कर्ता जनसंख्याको विस्तार हेर्दा पश्चिमाञ्चल विकास क्षेत्रमा सवैभन्दा वढी र सुदुर पश्चिमाञ्चलमा सवैभन्दा कम रहेको देखिन्छ । भौगोलिक क्षेत्रको आधारमा हेर्दा पहाडी क्षेत्रमा यस्ता भाषाको प्रयोगकर्ता अन्य क्षेत्रको तुलनामा बढी देखिएको छ । अदालतमा यस्तो सांकेतिक भाषाको प्रयोगको आवश्यक्ताको सम्भावनालाई मूल्यांकन गर्न उल्लेखित तथ्यांकहरूले समेत धेरै हद सम्म सहयोग पुग्न सक्छ ।

२. अन्य देशको अनुभव

सांकेतिक भाषाको प्रयोगकर्ताका लागि अदालती संयन्त्रहरूमा अन्य वाहिरी देशहरूमा के कस्तो सुविधा, सहुलियत छ वा मान्यता के छ भनी हेर्नु पनि समय सापेक्ष हुने भएकोले केही देशका अनुभवलाई हेरिएको छ ।
विश्वका धेरै देशहरूमा पछिल्लो दशकतिर आएर सांकेतिक भाषालाई मान्यता दिने क्रम वढेको पाइन्छ । केही देशका संविधानले नै यो भाषालाई मान्यता दिएको देखिएको छ । फिनल्याण्डले सन् १९९५ मा आफ्नो संविधानमा मान्यता दिएको छ । सन् १९९९ मा भेनेजुएलाको संविधानले मान्यता दिएको पाइन्छ । त्यस्तैगरी अष्ट्रियाको संविधानले सन् २००५ देखि मान्यता दिएको छ भने सन् १९९५ मा युगाण्डाको संविधानले त्यहाँका सांकेतिक भाषालाई संबैधानिक मान्यता दिएको देखिन्छ । १७ जुन १९८८ मा युरोपियन युनियनले एक प्रस्ताव सर्वसम्मतिले पारित गरी आफ्ना हरेक सदस्य राष्ट्रलाई आफ्नो देशको

[3] राष्ट्रिय जनगणना,२०६८

सांकेतिक भाषालाई कार्यालयको भाषा (official language) को रूपमा मान्यता दिन आह्वान गरेको थियो ।

सो वाहेक पनि कानूनीरूपमा कतिपय देशले मान्यता दिएको देखिन्छ जसमा मेक्सिको, माल्टा, बेल्जियम, अमेरिका, ब्राजिल, चिली जस्ता धेरै देश यस वर्गमा पर्दछन् । भारत, इटाली जस्ता केही देशमा भने यसले औपचारिक कानूनको माध्यमबाट मान्यता पाउन सकेको देखिदैन। तापनि community भाषाको रूपमा यसले मान्यता पाइरहेको र भारतीय सर्वोच्च अदालतका कतिपय फैसलाहरूले सांकेतिक भाषाले मान्यता पाउने गरी निर्णय गरेको पाइन्छ । केही मुद्दामा अदालतमा साक्षीले सांकेतिक भाषामा बकपत्र गर्न पाउने गरी आदेश भएको पनि देखिन्छ ।

सांकेतिक भाषा मान्यता प्राप्त भाषाको रूपमा रहेका धेरै जसो देशहरूमा अदालतमा आवश्यक परेमा सांकेतिक भाषाका अनुवादक उपलब्ध गराई निजको सहायता मार्फत कामकाज गर्ने गरिएको पाइन्छ । अमेरिकाको सन्दर्भमा हेर्ने हो भने त्यहाँ कान कम सुन्ने वा कान नसुन्ने व्यक्तिहरूलाई समेत वकालत गर्न पाउने व्यवस्था गरिएको छ ।[4] यस्तै गरी न्युजिल्याण्डको व्यवस्था हेर्ने हो भने न्युजिल्याणड सांकेतिक भाषा ऐन, २००६ ले न्युजिल्याण्डको सांकेतिक भाषा अदालत तथा न्यायाधिकरणमा प्रयोग गर्न पाउने अधिकार नै दिएको छ । मुद्दाका पक्ष, साक्षी, अदालत वा न्यायाधिकरणका कुनै सदस्य, वकील, न्यायाधीश वा अधिकारीले अनुमती दिएका कुनै पनि पक्षले यस्तो सांकेतिक भाषाको प्रयोग गर्न पाउने व्यवस्था रहेको देखिन्छ ।[5] भने अनुवादकलाई लाग्ने खर्च अदालतले नै व्यहोर्ने व्यवस्था रहेको छ ।

३. नेपालमा सांकेतिक भाषाको अवस्था

सार्वजनिक जीवनमा हेर्दा नेपाल टेलिभिजनबाट दिइने सांकेतिक भाषाको समाचार नै एउटा महत्वपूर्ण उदाहरणको रूपमा रहेको देखिन्छ । सांकेतिक भाषाको अध्ययन अध्यापनको लागि केही विद्यालयहरू सञ्चालन गरिएका छन् । सांकेतिक भाषालाई औपचारिकरूपमा कार्यालयको भाषाकोरूपमा हामी कहाँ कानूनले मान्यता दिएको अवस्था देखिएको छैन । तर यस सम्बन्धमा अदालतमा बोल्न नसक्ने व्यक्ति पक्ष विपक्ष भई कागज गराउनु पर्ने अवस्था आउन सक्छ भन्ने कुरालाई मुलुकी ऐनले आत्मसात गरेको भने पाइन्छ । मुलुकी ऐन,

[4] www.huffingtonpost.com/entry/john
[5] New Zealand Sign Language Act, 2006.

२०२० अदालती बन्दोबस्तको २५ नं. मा रहेको “अन्धा अन्धी र वक्क लाटा लाटीको कागज गराउनु पर्दा ...लाटा लाटीले रोजेका सरजमीनका मानिस राखी ...लाटा लाटीले इसारा गरे बमोजिन ...सरजमीन वा संरक्षक वा हकवालाको पनि सोहि कागजमा सहिछाप गराई राख्नु पर्छ“ भन्ने कानूनी व्यवस्थाका आधारमा थोरै मात्रामा भएपनि अदालतमा आवश्यक पर्दा इसारा वुझ्ने मानिसको सहायता लिई कारवाही अघि वढाउन सकिने देखिन्छ । तापनि सो व्यवस्थालाई प्रभावकारी छ भनेर भन्न सकिने अवस्था चाहि छैन। अपाङ्ग, संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा २(क) मा अपाङ्ग भन्नाले सामान्य दैनिक चर्चा गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएका नेपाली नागरिकलाई सम्झनु पर्छ । सो शव्दले कानो, अन्धो, बहिरो, लाटो, लठ्व्रो, लुलो, दुजो, लङ्गडो, खोरण्डो, वुढो वा सुस्त मनस्थित भएको व्यक्तिसमेतलाई जनाउँछ भन्ने उल्लेख गरी लाटो लेठेव्रो जस्ता सांकेतिक भाषा प्रयोग गर्ने व्यक्तिलाई समेत समेटेको पाईन्छ। त्यस्तै ऐनका विभिन्न दफाहरुमा अपाङ्गहरुको हित संरक्षणको प्रावधान रहेका छन् । तर सांकेतिक भाषा प्रयोग गर्ने लाटा, लठेव्रोहरुको लागि छुट्टै विशेष संरक्षणका प्रावधानहरु भन्ने रहेका छैनन् ।

उल्लेखित व्यवस्थाले सांकेतिक भाषाको सहज र निःशुल्क प्राप्तीको सुनिश्चितता गरेको देखिदैन । संरक्षक वा हकवाला नभएको अवस्थामा के कसरी कारवाही सम्पन्न गर्ने हो सो स्पष्ट छैन भने सरजमिनबाट त्यस्तो इसारा बुझी व्यक्त गर्न सक्ने मानिस कहाँ, कसरी पाउने भन्ने समेत अस्पष्ट छ । अनुवादकर्ता आधिकारिक चाहियो त्यसको व्यवस्था कानूनले गरेको छैन । त्यस्तै गरी व्यवसायीक रूपमा अनुवादकर्ताको काम गर्ने निकाय, व्यक्ति र त्यस्ता अनुवादकर्ता उत्पादन गर्ने संस्था वा निकायको पनि नितान्त अभाव छ ।

यस्तो सन्दर्भमा अदालतमा नियमित रूपमा त्यस्ता व्यवसायिक अनुवादकर्ताको कतिको आवश्यक्ता छ । उनिहरूको सूचिकरण र प्रयोग कतिको मात्रामा हुन सक्छ । त्यस्ता अनुवादकर्ताको खर्च कसले कसरी व्यहोर्ने हो भन्ने अनिश्चित रहेको हालको अवस्थाम ती कुराहरूको व्यवस्थापन अहिलेकै अवस्थामा भित्र्याउनु कतिको सान्दर्भिक र अनिवार्य छ, सो कुरालाई निम्न ४ आधारले अवलोकन गरी निर्धारण गर्नु उपयुक्त हुन्छ ।

i. नेपालमा नेपाली सांकेतिक भाषाको प्रयोगकर्ताको कूल संख्या
ii. यो भाषाको प्रयोगकर्ताको क्षेत्रगत विस्तार

iii. हाल अदालतमा सांकेतिक भाषाभाषीको संलग्नता रहेको मुद्दा संख्या

iv. यो भाषाको प्रयोगकर्ताको संख्या बढ्दो वा घट्दो के छ ?

उल्लेखित विभिन्न आधारमा अवलोकन र विष्लेषण गरी हेर्दा माथी प्रकरण १ मा उल्लेखित तथ्यांक अनुसार २०६८ सालको नेपालको जनगणना अनुसार सांकेतिक भाषाको प्रयोगकर्ताको संख्या ४४७६ रहेको देखिन्छ जुन अघिल्लो २०५८ सालको जनगणनाको तुलनामा घटेको देखिएको छ । २०५८ सालमा यो जनसंख्या ५७४३ रहेको थियो । क्षेत्रगत विस्तार हेर्दा पनि घना जनसंख्या रहेको तराई क्षेत्रमा यो भाषाका प्रयोगकर्ताको संख्या तुलनात्मक रूपमा थोरै छ । विकास क्षेत्रको आधारमा हेर्दा पश्चिमाञ्चल विकास क्षेत्रमा वढी र सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा कम देखिएको छ ।

अदालतहरूमा मुद्दाका पक्षका रूपमा सांकेतिक भाषा प्रयोगकर्ताको संख्या कति रहेछ र यस्ता भाषा प्रयोगकर्ता संलग्न भएका मुद्दाहरू कति रहेछन् भनी तीनै तहका अदालतहरूबाट तथ्याङ्क संकलन गरिएको थियो । २०७३ साल बैशाख मसान्त सम्मको प्राप्त बिवरणबाट बिभिन्न अदालतहरूमा सांकेतिक भाषाको प्रयोगकर्ता भएका मुद्दाहरू र सांकेतिक भाषाको प्रयोगकर्ताको संख्या समेतको बिवरण देहायबमोजिम रहेको छ ।अदालतहरूबाट प्राप्त बिवरणको संक्षेपीकरण अनुसुची-१ मा दिइएको छ ।

अदालत	**सांकेतिक भाषा प्रयोगकर्ता को मुद्दा भएका अदालत संख्या**	**सांकेतिक भाषा प्रयोगकर्ता भएका मुद्दा संख्या**	**सांकेतिक भाषा प्रयोगकर्ता भएका मुद्दाको नाम**	**सांकेतिक भाषा प्रयोगकर्ताको संख्या**	**सांकेतिक भाषा प्रयोगकर्ताको हैसियत(वादी, प्रतिवादी, पीडित)**	**सांकेतिक भाषा प्रयोगकर्ताको लैंगिकता**
जिल्ला अदालत	९	१३	नाता कायम-१, जवरजस्ती करणी-५, लिखत	१२	पीडित-५, वादी-३, प्रतिवादी-४	महिला-८ पुरूष-४

			बदर, अंश,सम्बन्ध बिच्छेद-४ ,कर्तब्य ज्यान-१ चोरी-२			
पुनरावेदन अदालत	-	-	-	-	-	-
न्यायाधिकरणहरू	-	-	-	-	-	-
सर्वोच्च अदालत	१	४	अंश-२ उत्प्रेषण-२	४	पुनरावेदक-१ प्रत्यर्थी-१ रिट निबेदक-१ बिपक्षी-१	महिला-० पुरूष-४

प्राप्त बिवरणअनुसार पुनरावेदन अदालतहरु तथा न्यायाधिकरणहरुमा सांकेतिक भाषा प्रयोगकर्ता संलग्न रहेको मुद्दा रहेको छैन । जिल्ला अदालतहरुमध्ये ९ वटा जिल्ला अदालतहरुमा १३ वटा मुद्दा सांकेतिक भाषा प्रयोगकर्ता संलग्न मुद्दा रहेको देखिन्छ । सर्वोच्च अदालतमा ४ वटा मुद्दा रहेको तथ्याङ्क छ। जिल्ला र सर्वोच्च अदालतमा रहेका मुद्दाहरुमा सांकेतिक भाषा प्रयोगकर्ताको संख्या १२ जना रहेको देखिन्छ । खासगरी नाता कायम, अंश, जवरजस्ती करणी जस्ता मुद्दामा वादी, प्रतिवादी तथा पीडितको रुपमा सांकेतिक भाषा प्रयोगकर्ता व्यक्तिहरु रहेका देखिन्छन् । त्यसमा पनि जवरजस्ती करणी मुद्दाका पीडितका रुपमा लाटी, लठ्व्रो भएका अपाङ्ग महिलाहरु बढी रहेका देखिन्छ । पुरुष भन्दा महिला वढी (१२ जनामा ८ जना) रहेका छन् ।अदालतगत रुपमा हेर्दा पूर्वदेखि देशको पश्चिमसम्मका अदालतहरुमा यस्ता सांकेतिक भाषा प्रयोग गर्ने व्यक्तिहरु पीडित, वादी प्रतिवादीकोरुपमा संलग्न रहेका देखिन्छन् । पूर्वाञ्चल र मध्यमान्चलमा भन्दा, पश्चिमाञ्चल.

क्षेत्रमा वढी सांकेतिक भाषा प्रयोग गर्ने व्यक्तिहरु अदालतमा रहेका मुद्दामा जोडिएका पाईन्छ । जनसंख्याको ०.१६ प्रतिशतमात्र सांकेतिक भाषा प्रयोगकर्ता रहेकोमा त्यसमध्ये ०.२६ प्रतिशत अदालतमा मुद्दाको क्रममा संलग्न रहेको देखिन्छ । २०६८ सालको जनगणना अनुसार सांकेतिक भाषा प्रयोगकर्ताको संख्या ४४७६ को अनुपातमा ०.२६ प्रतिशत मात्र सांकेतिक भाषा प्रयोगकर्ता अदालतमा मुद्दामा जोडिएका पाईन्छन् । हुनत कूल जनसंख्याको १५ प्रतिशतले मात्र मुद्दा मामिलाको क्रममा अदालत प्रवेश गर्ने गरेको भन्ने केही वर्ष अघि नेपाल कानून समाजले गरेको अध्ययनबाट देखिएको सन्दर्भमा यो संख्यालाई न्यून मानी कम महत्व दिन मिल्ने देखिदैन ।

४. निष्कर्ष

यसप्रकार नेपाली सांकेतिक भाषाको प्रयोगकर्ताको संख्या नेपालको कूल जनसंख्याको ०.०१६% मात्र रहेको देखिन्छ । अदालतमा रहेका मुद्दाहरुको संख्या समेत न्युन रहेको देखिएको छ । स्वास्थ्य व्यवस्थामा सुधार तथा सचेतना वृद्धिकै कारण पछिल्लो जनगणनामा पहिलेको भन्दा सांकेतिक भाषा प्रयोग कर्ताको संख्या घटेको देखिएको अनुमान गर्न सकिन्छ । स्वास्थ्य सुविधाको वढ्दो विस्तार, मातृ शिसु स्याहार प्रतिको वढ्दो सचेतनाका कारण यो संख्या भविष्यमा झन् घट्न सक्ने सम्भावना देखिन्छ ।

सांकेतिक भाषाको प्रयोगकर्ताको संख्या घट्नु सुखद पक्ष हो । तर जति छन्, तिनको हक अधिकार संरक्षण हुन आवश्यक छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा अपाङ्गहरुको संरक्षणवारे विभिन्न व्यवस्थाहरु छन् । तर ऐनले अपाङ्गको परिभाषाभित्र राखेको सांकेतिक भाषा प्रयोग गर्ने (लाटा, लाटी लठेव्रो) व्यक्तिको हकमा छुट्टै विशेष प्रावधान राखेको छैन, न त अदालतमा मुद्दा मामिलाको क्रममा प्रवेश गर्ने सांकेतिक भाषा प्रयोगकर्ताहरुको लागि अनुवादहरुको व्यवस्था गर्ने लगायतको प्रावधान नै छ । अदालतमा प्रवेश गर्ने सांकेतिक भाषा प्रयोगकर्ताहरुको लागि अनुवादहरुको व्यवस्था गर्ने लगायतको प्रावधान नै छ । अदालतमा प्रवेश गर्ने सांकेतिक भाषा प्रयोगकर्ताहरुको लागि मुलकी ऐन अदालती बन्दोबस्तको २५ नं. मा भएको व्यवस्था अनुसार निजहरुले इशारा गरे वमोजिम राम्रो तवरबाट इशारा बुझी कागज गराई लेखिए बमोजिम कागज भएको हो भन्ने सर्जमिन वा संरक्षक वा हकवालाको पनि सोही कागजमा सहीछाप गराई राख्नुपर्ने प्रावधानको प्रयोग

गरिएको छ। अदालतमा त्यस्ता भाषा बुझ्ने विज्ञहरुको रोष्टर तयार गरी अदालतको तर्फबाट निःशुल्क सेवा दिने गरिएको छैन। सांकेतिक भाषा प्रयोगकर्ताले पनि दोभाषेको निःशुल्क सेवा पाउने अधिकार राख्दछन्। तथ्याङ्कबाट मुद्दामा अदालतमा आउने सांकेतिक भाषा प्रयोगकर्ताको संख्या न्यून देखिएको छ। तर जति छन्, तिनले भरपर्दो दोभाषेको सेवा निःशुल्करुपमा प्राप्त गर्न आवश्यक छ । त्यस्तो सेवा सांकेतिक भाषा प्रयोगकर्ताको छनौट महत्वपूर्ण होला। निजले आफन्त, संरक्षक, हकवालाबाट अदालतबाट अनुवादकको रुपमा प्रस्तुत गर्न सक्तछन् । त्यो स्वभाविक कुरा हो । तर त्यस्ता सहयोगी व्यक्ति नभएको वा भएपनि सेवा दिन नसक्ने अवस्थामा राज्यले दोभाषे वा अनुवादकको सेवा प्रदान गर्न इन्कार गर्न मिल्दैन । राज्यको महत्वपूर्ण निकायको रुपमा रहेको न्यायपालिकाले त्यस्तो सेवा निःशुल्करुपमा दिने प्रवन्ध गर्नुपर्दछ । न्यून संख्याको लागि प्रक्रिया, संरचना, जनशक्तिको निर्माणको लागि स्रोत साधन लाग्न सक्तछ, दोभाषेको वा अनुवादकको सेवा प्रदान गर्ने कुरामा यी कुरा वाधक हुनुहुँदैन ।

त्यसैले जनसंख्याको सानो मात्राको भए पनि नेपाली सांकेतिक भाषालाई कार्यालयहरूमा मान्यता दिने व्यवस्था गरी भिन्न किसिमले सक्षम व्यक्तिहरूको शासन व्यवस्थाको सेवा सुविधामा पहुँच वढाउन मार्ग प्रशस्त भने गर्नु पर्ने देखिएको छ । यसका लागि क्रमशः बढी मुद्दा भएका अदालतहरूमा रोष्टर सम्म राख्ने व्यवस्था गरेमा यसले गर्दा एकातिर सांकेतिक भाषाको व्यवसायीक उत्पादनलाई मार्ग प्रशस्त हुने, अनुवाद कर्ताको संख्या वढ्ने स्थिति हुन्छ भने अर्कोतर्फ सांकेतिक भाषाको अनुवादकर्ताको प्राप्तीको बाटो समेत सहज हुने छ र भविष्यमा क्रमशः आवश्यक्ताको मूल्यांकन गरी अदालतमा समेत सांकेतिक भाषाको प्रयोगको विस्तार गर्न सकिन्छ। न्यायपालिकाको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७१–२०७६) ले सांकेतिक भाषा प्रयोग गर्नेहरुका लागि दोभाषेको व्यवस्था गर्ने, त्यसको लागि दोभाषेहरुको सूची तयार गरी प्रयोगमा ल्याउने भन्ने नीति तय गरेको सन्दर्भमा तथा हालै सर्वोच्च अदालतले जारी गरेको दोभाषेको सेवा सम्बन्धी निर्देशिका, २०७२ मा समेत सांकेतिक भाषा प्रयोग गर्नेहरुको लागि नसमेटिएको सन्दर्भमा सांकेतिक भाषा प्रयोगकर्ताहरुलाई न्यायमा सहज पहुँचको लागि अदालतहरुमा दोभाषेको सुविधा उपलव्ध गराउने प्रयोजनार्थ स्थानीय स्तरमा दोभाषेको सुविधा उपलव्ध गराउने प्रयोजनार्थ स्थानीय स्तरमा दोभाषेको सूची तयार

गरी राख्न आवश्यक छ। अदालतका नियमावलीहरुमा सांकेतिक भाषाको प्रयोगकर्तालाई दोभाषे वा अनुवाद गरी सेवा उपलव्ध गराउने कुरालाई समावेश गर्न आवश्यक छ ।

अनुसूची

क्र.सं.	पुनरावेदन अदालतको नाम	विवरण		सांकेतिक भाषा प्रयोग गर्ने वादी प्रतिवादी	
		प्राप्त भएको	प्राप्त नभएका	भएको	नभएको
१.	पुनरावेदन अदालत इलाम	✓			✓
२.	पुनरावेदन अदालत धनकुटा	✓			✓
३.	पुनरावेदन अदालत बिराटनगर	✓			✓
४.	पुनरावेदन अदालत राजविराज	✓			✓
५.	पुनरावेदन अदालत जनकपुर	✓			✓
६.	पुनरावेदन अदालत हटौडा	✓			✓
७.	पुनरावेदन अदालत पाटन	✓			✓
८.	पुनरावेदन अदालत पोखरा	✓			✓
९.	पुनरावेदन अदालत बाग्लुङ्ग	✓			✓
१०.	पुनरावेदन अदालत बुटवल	✓			✓
११.	पुनरावेदन अदालत तुलसीपर	✓			✓
१२.	पुनरावेदन अदालत सुर्खेत	✓			✓
१३.	पुनरावेदन अदालत नेपालगञ्ज	✓			✓
१४.	पुनरावेदन अदालत जुम्ला	✓			✓
१५.	पुनरावेदन अदालत दिपायल	✓			✓
१६.	पुनरावेदन अदालत महेन्द्रनगर	✓			✓
	जम्मा	**१४**	**०**	**०**	**१४**

क.सं	अदालतको नाम	विवरण		सांकेतिक भाषा प्रयोग गर्ने वादी प्रतिवादी	
		प्राप्त भएको	प्राप्त नभएका	भएको	नभएको
१.	प्रशासकीय अदालत	✓			✓
२.	ऋण असुली पुनरावेदन न्यायधिकरण	✓			✓
३.	श्रम अदालत	✓			✓
४.	बैदेशिक रोजगार न्यायधिकरण	✓			✓
५.	ऋण असुली न्यायधिकरण	✓			✓
६.	विशेष अदालत	✓			✓
७.	राजश्व न्यायाधिकरण	✓			✓
	जम्मा	**७**			**७**

क.सं	जिल्ला अदालतको नाम	विवरण		सांकेतिक भाषा प्रयोग गर्ने वादी प्रतिवादी	
		प्राप्त भएको	प्राप्त नभएका	भएको	नभएको
१.	ताप्लेजुङ जिल्ला अदालत	✓			✓
२.	पाँचथर जिल्ला अदालत	✓			✓
३.	इलाम जिल्ला अदालत	✓			✓
४.	झापा जिल्ला अदालत	✓			✓
५.	संखुवासभा जिल्ला अदालत	✓			✓
६.	तेह्रथुम जिल्ला अदालत	✓			✓
७.	धनकुटा जिल्ला अदालत	✓			✓
८.	भोजपुर जिल्ला अदालत	✓			✓
९.	मोरंग जिल्ला अदालत	✓		✓	
१०.	सुनसरी जिल्ला अदालत	✓		✓	
११.	सप्तरी जिल्ला अदालत	✓			✓
१२.	सिराहा जिल्ला अदालत	✓			✓
१३.	ओखलढुङ्गा जिल्ला अदालत	✓			✓
१४.	उदयपर जिल्ला अदालत	✓			✓
१५.	खोटाङ जिल्ला अदालत	✓			✓
१६.	सोलुखुम्बु जिल्ला अदालत	✓			✓
१७.	धनुषा जिल्ला अदालत	✓			✓
१८.	सर्लाही जिल्ला अदालत	✓			✓
१९.	रामेछाप जिल्ला अदालत	✓			✓
२०.	महोत्तरी जिल्ला अदालत	✓			✓

२१.	सिन्धुली जिल्ला अदालत	✓			✓
२२.	मकवानपुर जिल्ला अदालत	✓			✓
२३.	चितवन जिल्ला अदालत	✓			✓
२४.	पर्सा जिल्ला अदालत	✓			✓
२५.	वारा जिल्ला अदालत	✓			✓
२६.	रौतहट जिल्ला अदालत	✓			✓
२७.	काठमाण्डौ जिल्ला अदालत	✓			✓
२८.	भक्तपुर जिल्ला अदालत	✓			✓
२९.	ललितपुर जिल्ला अदालत	✓			✓
३०.	काभ्रेपलाञ्चोक जिल्ला अदालत	✓			✓
३१.	सिन्धुपाल्चोक जिल्ला अदालत	✓			✓
३२.	दोलखा जिल्ला अदालत	✓			✓
३३.	नुवाकोट जिल्ला अदालत	✓			✓
३४.	रसुवा जिल्ला अदालत	✓			✓
३५.	धादिङ जिल्ला अदालत	✓			✓
३६.	कास्की जिल्ला अदालत	✓			✓
३७.	स्याङजा जिल्ला अदालत	✓			✓
३८.	तनहुं जिल्ला अदालत	✓			✓
३९.	गोरखा जिल्ला अदालत	✓			✓
४०.	लमजुङ जिल्ला अदालत	✓			✓
४१.	मनाङ जिल्ला अदालत	✓			✓
४२.	वाग्लुङ जिल्ला अदालत	✓			✓
४३.	पर्वत जिल्ला अदालत	✓			✓
४४.	म्याग्दी जिल्ला अदालत	✓			✓

४५.	मुस्ताङ जिल्ला अदालत	✓			✓
४६.	गल्मी जिल्ला अदालत	✓			
४७.	अर्घाखाची जिल्ला अदालत	✓			
४८.	पाल्पा जिल्ला अदालत	✓			
४९.	नवलपरासी जिल्ला अदालत	✓			
५०.	रुपन्देही जिल्ला अदालत	✓		✓	
५१.	कपिलवस्तु जिल्ला अदालत	✓		✓	
५२.	रुकुम जिल्ला अदालत	✓		✓	
५३.	रोल्पा जिल्ला अदालत	✓			✓
५४.	सल्यान जिल्ला अदालत	✓			✓
५५.	प्युठान जिल्ला अदालत	✓			✓
५६.	दाङ जिल्ला अदालत	✓			✓
५७.	बाँके जिल्ला अदालत	✓			✓
५८.	बर्दिया जिल्ला अदालत	✓			✓
५९.	सुर्खेत जिल्ला अदालत	✓		✓	
६०.	जाजरकोट जिल्ला अदालत	✓		✓	
६१.	दैलेख जिल्ला अदालत	✓			✓
६२.	जुम्ला जिल्ला अदालत	✓			✓
६३.	मुगु जिल्ला अदालत	✓			✓
६४.	कालीकोट जिल्ला अदालत	✓		✓	
६५.	**हुम्ला जिल्ला अदालत**		✓		
६६.	डोल्पा जिल्ला अदालत	✓			✓
६७.	बझाङ जिल्ला अदालत	✓			✓
६८.	डोटी जिल्ला अदालत	✓			✓

६९.	बाजुरा जिल्ला अदालत	✓			✓
७०.	अछाम जिल्ला अदालत	✓		✓	✓
७१.	कैलाली जिल्ला अदालत	✓			✓
७२.	दार्चुला जिल्ला अदालत	✓			✓
७३.	बैतडी जिल्ला अदालत	✓		✓	
७४.	डडेल्धुरा जिल्ला अदालत	✓			✓
७५.	कञ्चनपुर जिल्ला अदालत	✓			✓
	जम्मा	**७४**	**१**	**१०**	**६४**